आज मिति २०७८ असार ७ गते सोमबारका दिन बेसीशहर नगरपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्युको अध्यक्षतामा नगरपालिकाको ७० औं बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिम छलफल एवं निर्णय गरीयो ।

उपस्थिती :

१. प्रमुख श्री गुमान सिंह अर्याल
२. उप-प्रमुख श्री लक्ष्मी देवि अधिकारी
३. प्रमुख प्रशासकीय अधिकृत श्री जनार्दन अधिकारी
४. वडा अध्यक्ष वडा नं. १ श्री बलराम श्रेष्ठ
५. वडा अध्यक्ष " " २ श्री गणेश बहादुर कडेल
६. " " " " ३ श्री सुर्य कुमार श्रेष्ठ
७. " " " " ४ श्री लालविर गुरुङ
८. " " " " ५ श्री बम बहादुर गुरुङ
९. " " " " ६ श्री भोज बहादुर रिमाल
१०. " " " " ७ श्री गोविन्द बस्नेत
११. " " " " ८ श्री पवित्रा थापा राना
१२. " " " " ९ श्री शरद बराल
१३. " " " " १० श्री पूर्ण बहादुर थापा
१४. " " " " ११ श्री अच्युत बाबु बगाले
१५. कार्यपालिका सदस्य श्री विष्णु माया राना
१६. " " श्री मन्दिरा दनाई
१७. " " श्री देव बहादुर गहतराज
१८. " " श्री अजय भजाकोटी
१९. " " श्री मतमाया गुरुङ
२०. " " श्री रोज बहादुर खवास
२१. " " श्री कृष्ण नेपाली
२२. " " श्री आशा तामाङ
२३. सहजकर्ता कर्मचारी
२३. कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
२४. अधिकृत श्री विमला गिरी
२५. अधिकृत श्री सुशिल श्रेष्ठ
२६. ना.सु. श्री गोविन्द बहादुर राउत

**बेसीशहर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७८ असार ७ गतेको बैठकका एजेण्डाहरु***

- नगरसभामा पेश गर्ने नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा
- नगरसभामा पेश गर्ने आर्थिक विधेयक सम्बन्धमा
- नगरसभामा पेश गर्ने विनियोजन विधेयक सम्बन्धमा
- नगरसभामा पेश गर्ने आय व्यय विवरण सम्बन्धमा
- चालु आवको बजेट संशोधन (रकमान्तर) सम्बन्धमा
- बाढी पहिरोबाट अवरुद्ध अति जरुरी सडक खुलाउने सम्बन्धमा
    - कर्पुरेश्वर मन्दिर जाने सडक
    - उदीपुर चिती सडक (जग्गाको उपलब्धता समेत मिलाउनु पर्ने)
- व्यवसाय करमा छुट दिने बारे । (लक डाउनको कारण)
- कृषितर्फको कार्यक्रम सम्बन्धमा
- लकडाउनको समयमा फोहरमैला व्यवस्थापन सहयोग सम्बन्धमा
- चालु आवको वडास्तरीय योजना सम्बन्धमा (वडा नं ७ र ८.)
- विविध
    - निर्णय अनुमोदन सम्बन्धमा
    - सवारी साधन नविकरण गर्दा लिइने प्रदुषण शुल्क सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १: आ.व. २०७८।०७९ को बार्षिक नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०७८/०७९ को अनुसूची १ वमोजिमको बार्षिक नीति, कार्यक्रम तथा बजेट पारित गरी मिति २०७८/०३/०९ गते बस्ने नवौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २: आर्थिक विधेयक २०७८ सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०७८/०७९ का लागि करका दरहरु तथा राजश्व परिचालनका लागि बेसीशहर नगरपालिकाको अनुसूची २ वमोजिमको आर्थिक विधेयक २०७८ नवौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३: विनियोजन विधेयक २०७८ सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०७८/०७९ का लागि अनुसूची ३ वमोजिमको सञ्चित कोषबाट खर्च गर्ने तथा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक नवौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४: आय व्यय विवरण सम्बन्धमा**

गत आर्थिक वर्ष २०७६/०७७ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष ०७७/०७८ को जेठ मसान्तसम्मको यथार्थ आय व्यय तथा संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित आय व्यय विवरण अनुसूची ४ वमोजिम पारित गरी नवौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५: चालु आवको बजेट संशोधन (रकमान्तर) सम्बन्धमा**

बेशीसहर नगरपालिकाको सातौं नगरसभाबाट निर्णय भए अनुसार स्वीकृत भएका देहायका शिर्षकको रकम चालु आर्थिक वर्षमा खर्च हुन सक्ने अवस्था नदेखिएको हुनाले खर्च हुन सक्ने शिर्षकमा रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

| बजेट रकम नं | बजेट रकम | बार्षिक बजेट | श्रोत | घटाउने | बढाउने | अव कायम हुने वजेट |
|---|---|---|---|---|---|---|
| ३११२१ | अस्पतालमा हस्तान्तरण गर्ने गरि सववाहन खरिद | १,०००,०००.०० | रा. वाडफाड प्रदेश | १,०००,००० | - | - |
| ३११५१ | भकुण्डे काफलस्वारा चिसापानी चम्डिला पुरानोकोट सडक | ४,०००,०००.०० | संघिय समानिकरण | १,५००,००० | | २,५००,००० |
| ३११५१ | धुरपुरे दुइथोक विम्दा सितलेस्वारा वाखेजगत सडक | ५,०००,०००.०० | संघिय समानिकरण | २,०००,००० | | ३,०००,००० |
| ३११५९ | कपुरिश्वर पार्क स्तरोन्नती | २,५००,००० | संघिय समानिकरण | १,१००,००० | | १,४००,००० |
| ३११५१ | बेसीशहर वाझाखेत हिले कार्किडाडा चिति सडक | ४,०००,००० | संघिय समानिकरण | १,५००,००० | - | २,५००,००० |
| ३११५१ | सडक कालोपत्रे लागत साझेदारी 60/40 | ५,०००,००० | संघिय समानिकरण | | १,६००,००० | ६,६००,००० |
| ३११२३ | फर्निचर फिक्चर्स | - | संघिय समानिकरण | | ५००,००० | ५००,००० |
| ३११२४ | फर्निचर फिक्चर्स | - | रा. वाडफाड प्रदेश | | १,०००,००० | १,०००,००० |
| ३११५९ | पूर्वाधार विकास सम्वन्धी फुटकर योजना | - | संघिय समानिकरण | | ३,५००,००० | ३,५००,००० |
| ३११२२ | मेसिनरी तथा औजार | - | संघिय | | ५००,००० | ५००,०००.०० |

| बजेट रकम नं | बजेट रकम | बार्षिक बजेट | श्रोत | घटाउने | बढाउने | अव कायम हुने वजेट |
|---|---|---|---|---|---|---|
| | | | समानिकरण | | | |
| | जम्मा | २१,५००,००० | | ७,१००,००० | ७,१००,००० | २१,५००,००० |

**निर्णय नं. ६: बाढी पहिरोबाट अवरुद्ध अति जरुरी सडक खुलाउने सम्बन्धमा ।**

(क) २०७८ असार १ गतेको अविरल बर्षाको कारण बेसीशहर नगरपालिका वडा नं ८ को कर्पुरेश्वर मन्दिर जाने सडक अवरुद्ध भई फोहरमैला विसर्जन गर्न समेत रोकिएको हुँदा उक्त सडकको लागि फुटकर शिर्षकबाट रु. ६,००,०००-( छ लाख मात्र) विनियोजन गरी तत्काल निर्माण कार्य गर्ने निर्णय गरियो ।

(ख) २०७८ असार १ गतेको अविरल बर्षाको कारण उदीपुर चिती सडकखण्डमा सडक नै बग्न गएको हुँदा नयाँ ट्रयाक खोली सडक सुचारु गर्नुपर्ने भएकोले सो को लागि बार्षिक रु १ लाख ५० हजारका दरले २ वर्षको लागि जग्गा भाडामा लिने साथै सधियारहरुको समेत जग्गा पर्न गएमा अमिन लगेर नापजाँच गरी सोही अनुपातमा भाडा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७: व्यवसाय करमा छुट दिने सम्बन्धमा ।**

कोरोना संक्रमणको कारण लक डाउन भई व्यापार व्यवसायमा मन्दी आएको कारण व्यवसाय करमा आवश्यक छुट हुन उद्योग बाणिज्य संघ बेसीशहर इकाईको अनुरोध समेतका आधारमा चालु आवको व्यसाय करमा १ महिना बराबरको कर छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ८: कृषितर्फको कार्यक्रम सम्बन्धमा ।**

सातौं नगरसभाबाट स्वीकृत चालु आवको कृषितर्फको कार्यक्रम अन्तर्गत ग्रामीण जिविकोपार्जन सहयोग कार्यक्रम शिर्षकमा विनियोजन भएको रु ५ लाखमध्येबाट देहाय अनुसारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो

**देहाय**

१. ५० प्रतिशत अनुदानमा ५० थान सिलपोलिन प्लाष्टिक वितरण रु १,७१,०००।- ( सामाग्री व्यवस्थापन खर्च रु १ हजार र ढुवानी खर्च रु १० हजार समेत गरी)

**निर्णय नं. ९: लकडाउनको समयमा फोहरमैला व्यवस्थापन सहयोग सम्बन्धमा**

नगरपालिका र वातावरण सुधार तथा विकास अभियान नामक संस्था बीच सम्झौता भई नगरपालिकाको फोहरमैला व्यवस्थापन भैरहेकोमा हालको लकडाउनको अवधिमा पनि संस्थाले निरन्तर रुपमा फोहरमैला व्यवस्थापनको काम गरिरहेको तर व्यक्तिबाट उठाउने शुल्क उठाउन नपाएको कारण फोहरमैला व्यवस्थापनमा संलग्न कर्मचारीलाई तलव खुवाउन समस्या परेको, सवारी साधनको मर्मत सम्भारमा समस्या परेको तथा इन्धनको बील भुक्तानी लगायतमा समस्या परेकोले फोहमैला व्यवस्थापन कार्यलाई निरन्तरता दिनको लागि उक्त संस्थाले २०७८ जेष्ठ महिनाको सेवा शुल्क नगरबासीबाट उठाउन नपाउने गरी फोहरमैला व्यवस्थापन शिर्षकबाट सो संस्थालाई रु २ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/०३/०७ को बैठक

**निर्णय नं. १०: योजना संशोधन सम्बन्धमा ।**

नगरसभा तथा कार्यापालिका बैठक समेतबाट पारित देहायका वडास्तरीय योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजनाको नाम | विनियोजित रकम | संशोधित योजनाको नाम | संशोधित रकम |
|---|---|---|---|---|
| १ | फुटकर योजना तथा कार्यक्रम (विपद् व्यवस्थापन समेत) बेनपा ७ | ३००००० | सुनखोला संरक्षण कार्यक्रम बनेपा ७ | ३००००० |
| २ | मर्स्याङ्दी किनारमा दाह संस्कारको लागि चिता निर्माण बेनपा ८ | २००००० | ठाडोलाइन पुछारदेखि मर्स्याङ्दी पुल जाने सडकको अधुरो नाली निर्माण बेनपा ८ (चालु आवमा यस योजनाको लागि जम्मा बजेट रु ६ लाख कायम भएको) | २००००० |
| ३. | गैराबारी काइँलाकामीको घरमुनिको पहिरो जोखीम न्यूनीकरण (विपद व्यवस्थापन) बेनपा ५ | ५०००० | बाखेजगत सेवा केन्द्र भवन फर्निचर र फिक्चर्स खरीद बेनपा ५ | ५०००० |

**निर्णय नं. ११: विविध/निर्णय अनुमोदन सम्बन्धमा ।**

(क)कोभिड १९ संक्रमणबाट मृत्यु भएका विपन्न व्यक्तिको घर परिवारलाई रु. २०,०००।- (बीस हजार मात्र) का दरले आथिक सहयोग उपलब्ध गराउने बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/०२/२१ गतेको बैठकको निर्णयानुसार गठित ३ सदस्यीय समितिले गरेको निर्णयलाई समर्थन गर्ने निर्णय गरियो ।

(ख) बेसीशहर नगरपालिका ७ सहजी बसपार्कमा आव २०७८।०७९ को पार्किङ शुल्क उठाउनको लागि न्यूनतम सेवा शुल्क भ्याट बाहेक २ लाख ५० हजार कायम गरी ठेक्का बन्दोबस्ती गर्ने राजश्व परामर्श समितिको मिति २०७८।३।६ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२: सवारी साधन नविकरण गर्दा लिइने प्रदुषण शुल्क सम्बन्धमा ।**

बेसीशहर स्थित यातायात व्यवस्था शाखा कार्यालयले सवारी साधन नविकरण गर्दा नगरपालिकाबाट लिनु पर्ने प्रदुषण शुल्क बुझाएको रसीद लिएर मात्र सवारी साधन नविकरणको प्रक्रिया अघि बढाउन लेखी पठाउने निर्णय गरियो ।